**नेपाल सरकार**

**विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय**

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## दुर्गम स्थानका लघु तथा साना जलविद्युत आयोजनाको लागि थप आर्थिक सहयोग परिचालन कार्यविधि, २०७०

मंसिर २०७०

राष्ट्रिय प्रसारण लाइन नपुगेका देशका दुर्गम स्थानका स–साना खोला नालावाट प्रचुर मात्रामा विद्युत उत्पादन गरी घरायसी विद्युतको साथै ग्रामिण क्षेत्रको अर्थतन्त्रमा टेवा पुऱ्याउन लघु तथा साना जलविद्युतको विकास तथा प्रवर्द्धनको लागि आ.व. २०७०/७१ को वजेट वक्तव्यमा उल्लेख भएवमोजिम विगत तीन बर्षदेखि सम्पन्न हुन नसकेका समुदायमा आधारित पाँचसय किलोवाट क्षमता सम्मका लघु तथा साना जलविद्युत आयोजनालाई थप आर्थिक सहायता उपलब्ध गराउन यो कार्यविधि वनाउन आवश्यक भएकोले,

नवीकरणीय ऊर्जा अनुदान नीति, २०६९ को दफा ९.१ ले दिएको अधिकार प्रयोग गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यो कार्यविधि वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “दुर्गम स्थानका लघु तथा साना जलविद्युत आयोजनाको लागि थप आर्थिक सहयोग परिचालन कार्यविधि, २०७०” रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयवाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) “नीति” भन्नाले नवीकरणीय ऊर्जा अनुदान नीति, २०६९ सम्झनुपर्छ ।

(ख) “कार्यविधि” भन्नाले दुर्गम स्थानका लघु तथा साना जलविद्युत आयोजनाको लागि थप आर्थिक सहयोग परिचालन कार्यविधि, २०७० सम्झनुपर्छ ।

(ग) “आयोजना” भन्नाले यस कार्यविधि अन्तर्गत आर्थिक सहयोगको प्रयोजनको लागि पाँच देखि पाँच सय किलोवाट क्षमता सम्मका लघु तथा साना जलविद्युत आयोजना सम्झनुपर्छ ।

(घ) “प्राविधिक मूल्यांकन समिति” भन्नाले नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७० को दफा ८.४ वमोजिमको प्राविधिक मूल्यांकन समितिलाई जनाँउछ ।

(ङ) “केन्द्र” भन्नाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सम्झनुपर्छ ।

(च) “मन्त्रालय” भन्नाले विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

३. **आयोजनालाई दिइने थप आर्थिक सहयोगको स्थान र रकम सम्वन्धी व्यवस्था :**

(१) केन्द्र र यस अन्तर्गतका कार्यक्रम मार्फत संचालित आयोजना समयमानै निर्माण सम्पन्न गर्न नेपाल सरकारको आन्तरिक स्रोतवाट थप आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

(२) केन्द्र अन्तर्गतका कार्यक्रमको सहयोगमा दुर्गम तथा अतिदुर्गम क्षेत्रमा संचालित समुदायमा आधारित आयोजना मध्ये उपभोक्ताले जुटाउनुपर्ने लगानी वढेको वा अन्य कुनै कारणवश लगानीको अभाव भएको कारण आ.व. २०६७/६८ देखि निर्माण कार्य शुरु भई आ.व.२०६९/७० सम्मे सम्पन्न हुन नसकेका आयोजनाहरु मध्येवाट यस कार्यविधि बमोजिम थप आर्थिक सहयोग उपलव्ध गराउन आयोजना छनौट गरिनेछ ।

(३) उपदफा (२) बमोजिम छनौट गरिने आयोजना मध्ये देहायका स्थानमा निर्माण तथा संचालन हुने आयोजनालाई उपदफा (१) वमोजिम थप आर्थिक सहयोग उपलव्ध गराँउदा नेपाल सरकारको नियमित अनुदान, जिल्ला विकास समिति, गाउँ विकास समिति र गरिवी निवारण कोषद्धारा दिइने अनुदान समेत गरी कूल अनुदान रकम आयोजनाको कूल लगानीको सत्तरी प्रतिशत भन्दा वढी नहुनेगरी र आयोजनाको कूल लागत देहाय वमोजिमको प्रति किलोवाट सिलिङ्गमा नवढ्ने गरी मात्र देहाय वमोजिमको थप आर्थिक सहयोग उपलव्ध गराइनेछः-

| क्र.स. | वर्गिकृत क्षेत्रहरु | अधिकतम थप आर्थिक सहयोग प्रति कि.वा. (रु.मा) | कूल लागतको सिलिङ्ग प्रति कि.वा. (रु. मा) |
|---|---|---|---|
| १. | हुम्ला, डोल्पा, मुगु जिल्लाका सम्पूर्ण गा.वि.स.हरु | २००,००० | ७००,००० |
| २. | "क" बर्गमा पर्ने अनुसूचीमा उल्लिखित अन्य जिल्लाका गा.वि.स.हरु | १५०,००० | ६००,००० |
| ३. | "ख" बर्गमा पर्ने अनुसूचीमा उल्लिखित अन्य जिल्लाका गा.वि.स.हरु | ९०,००० | ५००,००० |
| ४. | "ग" बर्गमा पर्ने अनुसूचीमा उल्लिखित अन्य जिल्लाका गा.वि.स.हरु | ५०,००० | ४५०,००० |

तर माथि जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्र मार्फत "लघु तथा साना जलविद्युत आयोजना सम्वन्धी थप आर्थिक सहयोग परिचालन कार्यविधि, २०६७" अनुसार आर्थिक सहयोग प्राप्त गरेका आयोजनाले यस कार्यविधि अनुसारको थप आर्थिक सहयोग पाउने छैनन् । यस कार्यविधि वमोजिमको आर्थिक सहयोग उपलव्ध गराउँदा माथि तालिका अनुसारको क्रम संख्या वमोजिमको वर्गिकृत क्षेत्रहरुलाई क्रमागत प्राथमिकता दिइनेछ ।

(४) उपदफा (३) मा उल्लिखित आर्थिक सहयोग उपलव्ध गराउँदा सम्बन्धित गाँउ विकास समितिको सिफारिस अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(५) यस दफा वमोजिमको थप आर्थिक सहयोग एकपटकका लागि मात्र उपलव्ध गराइनेछ ।

४. **<u>आयोजना छनौट गर्ने प्रक्रिया सम्वन्धी व्यवस्थाः</u>** (१) दफा ३ बमोजिम थप आर्थिक सहयोग प्राप्त गर्न चाहने आयोजनाले केन्द्रद्धारा तोकिएको आवेदन फाराम भरी सम्वन्धित जिल्ला विकास समितिमा देहायको कागजात संलग्न गरी पेश गर्नुपर्नेछ :-

(क) नियमित अनुदान अन्तर्गत आयोजना निर्माणको लागि उपभोक्ता र कम्पनीसंग भएको सम्झौताको प्रतिलिपि,

(ख) गाँउ विकास समिति, जिल्ला विकास समिति र गरिवी निवारण कोषद्वारा अनुदान सहयोग प्रदान भए, नभएको वारे उक्त निकायहरुको पत्र वा उक्त निकायहरुले प्रमाणित गरेको पत्र,

(ग) आयोजनाको हालसम्मको आय तथा व्ययको सार्वजानिक लेखापरीक्षणको प्रतिवेदन सहित उपभोक्ता समितिको बैठकको निर्णयको प्रतिलिपि,

(घ) आयोजनाको हालसम्मको आय तथा व्ययको मान्यता प्राप्त लेखा परीक्षकबाट भएको लेखापरीक्षणको प्रतिवेदनको प्रतिलिपि,

(ङ.) अन्य संस्थाको सहयोग भए सो स्पष्ट उल्लेख भएको पत्र ।

(२) उपदफा (१) बमोजिम थप आर्थिक सहयोगको माग भई आएमा सम्बन्धित जिल्ला विकास समिति अन्तर्गतको जिल्ला ऊर्जा तथा वातावरण शाखा वा इकाईले क्षेत्रीय सेवा केन्द्रको समन्वयमा स्थलगत निरीक्षण गरी सम्बन्धित आयोजनाको लागि थप आर्थिक सहयोग आवश्यक पर्ने, नपर्ने वा कति पर्ने हो सोको विस्तृत लागत अनुमान समेत तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम थप आर्थिक सहयोगको लागि प्राप्त भएको आवेदन उपदफा (२) बमोजिम स्थलगत निरीक्षण गर्दा समेत उपयुक्त देखिएमा सम्बन्धित जिल्ला विकास समितिले थप आर्थिक सहयोगको सिफारिस सहित केन्द्र समक्ष पठाउनु पर्नेछ ।

स्पष्टीकरण: यस कार्यविधिको प्रयोजनको लागि “क्षेत्रीय सेवा केन्द्र” भन्नाले नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७० को दफा २ को उपदफा (७) बमोजिमको सेवा केन्द्रलाई जनाउनेछ ।

**५. थप आर्थिक सहयोगको लागि गठन हुने समिति सम्वन्धी व्यवस्था:** (१) दफा ४ बमोजिमको प्रक्रिया पूरा गरी थप आर्थिक सहयोगको लागि केन्द्र समक्ष प्राप्त भएका आयोजनालाई केन्द्रले सिफारिस सहित देहाय बमोजिमको प्राविधिक समिति समक्ष पेश गर्नेछ । समितिको वैठकको निर्णयको लागि कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति हुनुपर्नेछ । उक्त समितिले आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

| | |
|---|---|
| (क) कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | - संयोजक |
| (ख) प्रतिनिधि, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | - सदस्य |
| (ग) योजना प्रमुख, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | - सदस्य |
| (घ) लघु तथा साना जलबिद्युत शाखा प्रमुख, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | - सदस्य सचिव |

(२) यस कार्यविधि बमोजिम थप आर्थिक सहयोगको लागि प्राप्त भएका आयोजनालाई त्यस्तो आर्थिक सहयोग दिने वा नदिने सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार उपदफा (१) बमोजिमको समितिलाई हुनेछ ।

(३) उपदफा (२) बमोजिम थप आर्थिक सहयोग उपलब्ध गराउँदा दफा ३ को अधिनमा रही आर्थिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम थप आर्थिक सहयोग उपलब्ध गराउँदा उपदफा (१) बमोजिमको समितिले आयोजना छनौटको लागि केन्द्रले वनाएको शर्त तथा आधारहरुलाई समेत ध्यान पु¥याउनु पर्नेछ ।

**६. थप आर्थिक सहयोग रकमको खाता सञ्चालन सम्बन्धी व्यवस्था :** यस कार्यविधि वमोजिम थप आर्थिक सहयोग वापत खर्च हुने रकमको खाताको सञ्चालन केन्द्रका कार्यकारी निर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत स्तरको स्थायी कर्मचारी र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

**७. थप आर्थिक सहयोगको भुक्तानी सम्बन्धी व्यवस्था :** यस कार्यविधि वमोजिम थप आर्थिक सहयोग वापतको रकम देहाय बमोजिमको किस्तामा भुक्तानी गरिनेछ :–

(क) प्रथम किस्ता वापतको भुक्तानीः- दफा ५ को उपदफा (१) बमोजिमको समितिले थप आर्थिक सहयोग रकम स्वीकृत गरे पश्चात स्वीकृत रकमको वढीमा पचास प्रतिशत सम्मको रकम सम्बन्धित जिल्ला विकास समिति अन्तर्गतको जिल्ला ऊर्जा कोष मार्फत सम्बन्धित आयोजनाको उपभोक्ता समितिलाई कार्य प्रगतिको आधारमा उपलब्ध गराइनेछ ।

(ख) दोश्रो किस्ता वापतको भुक्तानी :- आयोजनाको निर्माण कार्य सम्पन्न भई सोको प्रतिवेदन केन्द्रबाट स्वीकृत भएपछि बाँकी पचास प्रतिशत रकम मध्ये उपभोक्ता समिति र जिल्ला विकास समितिको सिफारिसमा जडानकर्ता कम्पनीलाई दिनु पर्ने रकम केन्द्रबाट प्रदान गरी बाँकी रकम सम्बन्धित

जिल्ला विकास समिति अन्तर्गतको जिल्ला ऊर्जा कोष मार्फत उपभोक्ता समितिलाई उपलब्ध गराइनेछ ।

तर सम्बन्धित जिल्ला विकास समितिले यस प्रकारको रकममा कुनै ओभरहेड वापत रकम कट्टा गर्ने छैन ।

८. **अनुगमन सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि वमोजिम थप आर्थिक सहयोगवाट सञ्चालन भएका आयोजनाको अनुगमन गर्न देहाय वमोजिमको एक केन्द्रिय अनुगमन समिति रहनेछ ।

(क) योजना महाशाखा प्रमुख, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय – संयोजक
(ख) प्रतिनिधि, अर्थ मन्त्रालय (कार्यक्रम तथा वजेट महाशाखा) – सदस्य
(ग) प्रतिनिधि, राष्ट्रिय योजना आयोग (पूर्वाधार महाशाखा) – सदस्य
(घ) कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र – सदस्य
(ङ.) योजना प्रमुख, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र – सदस्य सचिव

(२) उपदफा (१) वमोजिमको समितिले यस कार्यविधि वमोजिम थप आर्थिक सहयोग उपलव्ध गराइएका आयोजनाहरुको आफै वा केन्द्रलाई अधिकार प्रत्यायोजन गरी अनुगमन गर्न वा गराउन सक्नेछ ।

(३) उपदफा (२) वमोजिम अनुगमन प्रतिवेदन प्राप्त भएपछि यस दफा वमोजिमको समितिको सिफारिसमा दफा (७) वमोजिमको दोश्रो किस्ता वापतको सहायता रकम उपलव्ध गराइनेछ ।

(४) उपदफा (१) बमोजिम गरेको अनुगमनबाट सञ्चालित आयोजनामा कुनै कमि कमजोरी देखिएमा त्यस्ता कमि कमजोरी सुधार गर्न अनुगमन समितिले तत्काल निर्देशन दिनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित कम्पनी वा उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

९. **आयोजनाहरुको मर्मत संभार सम्वन्धी व्यवस्था:** (१) कुनै दैवी तथा प्राकृतिक प्रकोपद्वारा गत आर्थिक वर्ष देखि पूर्ण रुपमा क्षति भएका अति दुर्गम क्षेत्रका आयोजनाहरुको पुनःस्थापनाको लागि प्रति किलोवाट रु. एक लाख भन्दा बढी नहुने गरी एक पटकको लागि आर्थिक सहयोग उपलव्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम संचालनमा नभएका आयोजनाहरुले सम्वन्धित जिल्ला दैवी प्रकोप समिति र जिल्ला विकास समिति अन्तर्गतको जिल्ला ऊर्जा तथा वातावरण शाखा वा इकाईको सिफारिस सहित मर्मत सम्भारको सहयोगको लागि केन्द्रमा निवेदन दिनुपर्नेछ । निवेदन प्राप्त भएपछि केन्द्रले आफै प्राविधिक टोली बनाई वा परामर्शदाताबाट सर्वेक्षण गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सर्वेक्षणको प्रतिवेदनको आधारमा केन्द्रले प्रत्येक आयोजनालाई उपलव्ध गराउने सहयोग रकम स्वीकृत गर्नेछ ।

(४) उपदफा (३) बमोजिम उपलव्ध गराइने रकम मर्मत सम्भार गर्न लाग्ने कूल लागतको सत्तरी प्रतिशत भन्दा नबढ्ने गरी उपलब्ध गराइनेछ ।

(५) उपदफा (४) बमोजिम मर्मत सम्भारको लागि आर्थिक सहयोग उपलव्ध हुने आयोजनाको अनुगमन तथा कार्य प्रगतिको मूल्याङ्कन दफा ८ बमोजिमको समितिले गर्नेछ  र त्यस्तो रकम जिल्ला विकास समिति अन्तर्गतको जिल्ला ऊर्जा कोष मार्फत स्वीकृत अनुदान र कार्य प्रगति विवरण प्राप्त भएको आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिइनेछ ।

(६) यस दफा वमोजिम मर्मत सम्भार गर्दा लाग्ने रकम एकपटकका लागि मात्र उपलव्ध गराइनेछ ।

१०. **प्रतिवेदन सार्वजनिक गर्नुपर्ने:** केन्द्रले यस कार्यविधि वमोजिम भएका कार्यक्रमको वारेमा वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ ।

११. **कार्यविधिमा संशोधन:** यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

## अनुसूची

| सि.न | जिल्लाहरु | “क” वर्गमा पर्ने अतिदुर्गम गाविसहरु | “ख” वर्गमा पर्ने दुर्गम गाविसहरु | “ग” वर्गमा पर्ने गाविसहरु |
|---|---|---|---|---|
| १. | सोलुखुम्बु | खुम्जुङ्ग, नाम्चे, चौरीखर्क, जुविङ्ग, छेस्काम, वुङ्ग, गुदेल, वाकु, सोताङ्ग | केरुङ्ग, तापटिङ्ग, मावे, चौलाखर्क, गोली, टाकासिन्धु, वेनी, लोदिङ्ग तामाखानी, सल्लेरी, काकु, बासा, जुवु, पानचन, काँगेल, मुकाली, देउसा, गार्मा, नेचावेदघारी, नेचावतासे, सल्यान, तिङ्गला, भकान्जे, लोखिम, गोराखानी, नेले | यसमा उल्लेखित जिल्लाहरुका “क” र “ख” वर्गमा नपरेका अन्य गाविसहरु |
| २. | मनाङ्ग | ध्यारु, पिसाङ्ग, भ्रका, खाङ्गसार, मनाङ्ग, तांकीमनाङ्ग, नार, फू | थोचे, धारापानी, चामे, वगरचाप | |
| ३. | मुस्ताङ | धामी, चराङ, लोमानथाङ, छोण्डुप, छोसेर, सुरखाङ | कागवेनी, छुसाङ, मुक्तिनाथ, लेते, मार्फा, कुन्जो, भ्मोङ, कोवाङ, टुकुचे, जोमसोम | |
| ४. | रुकुम | सम्पूर्ण गा.वि.स.हरु | - | |
| ५. | डोल्पा | सम्पूर्ण गा.वि.स.हरु | - | |
| ६. | मुग | सम्पूर्ण गा.वि.स.हरु | - | |
| ७. | हुम्ला | सम्पूर्ण गा.वि.स.हरु | - | |
| ८. | जुम्ला | सम्पूर्ण गा.वि.स.हरु | - | |
| ९. | कालिकोट | सम्पूर्ण गा.वि.स.हरु | - | |
| १०. | ताप्लेजुङ्ग | ओलाङ्गचुंगोला, पापुङ्ग, याम्फुदिन, लेलेप | इखावु, थापेथोक | |
| ११. | संखुवासभा | पावाखोला, हटिया, चेपुवा, नुम, किमाथान्का, सिसुवा, वाला, मकालु, माङ्गतेवा, याफु, ताम्फु, पाथीभारा | दिदिङ्ग | |
| १२. | दोलखा | विगु, आलम्पु, गौरीशंकर, लामाबगर | खारे, मार्वु, ओराङ्ग, चिलंखा | |
| १३. | रसुवा | थुमन, टिमुरे, लाङ्गटाङ्ग, चिलिमे | वृदिम, हाकु, गतलाङ्ग, गोलजुङ्ग | |
| १४. | गोरखा | ल्हो, सामागाउ, प्रोक, विही, चुनचेत, चेकम्पार | सिर्दिवास, उइया, केरौजा, काशीगाउं, मान्वु, लाप्राक, गुम्दा, लापु | |
| १५. | रोल्पा | सम्पूर्ण गा.वि.स.हरु | - | |
| १६. | अछाम | सम्पूर्ण गा.वि.स.हरु | - | |
| १७. | सिन्धुपाल्चोक | गुम्बा, फुलपिङ्गकटी, तातोपानी | - | |
| १८. | धादिङ्ग | लापा, तिप्लिङ्ग, सिरटुङ्ग | - | |
| १९. | जाजरकोट | सम्पूर्ण गा.वि.स.हरु | - | |
| २०. | दैलेख | सम्पूर्ण गा.वि.स.हरु | - | |
| २१. | बाजुरा | सम्पूर्ण गा.वि.स.हरु | - | |
| २२. | बभ्माङ | सम्पूर्ण गा.वि.स.हरु | - | |
| २३. | दार्चुला | सम्पूर्ण गा.वि.स.हरु | - | |